# गैडहवा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## विष्णुपूरा रूपन्देही-३, रूपन्देही
## प्रदेश नं.५ नेपाल

# बोलपत्र तथा दरभाउपत्र आव्हान सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति २०७४/१२/१८

यस कार्यालय अन्तर्गत स्थानियतह सम्मानियकरण अनुदान रकमबाट तपसिल बमोजिमका तटवन्धन तथा योजना ठेक्काबाट निर्माण गर्नुपर्ने भएकोले इजाजत प्राप्त निर्माण ब्यबसायीहरूबाट निम्न शर्तहरूको अधिनमा रही रीतपूर्वकको सिलबन्दी बोलपत्र तथा दरभाउपत्र आव्हान गरिन्छ।

**शर्तहरू**:

१. तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने) नगदै बुझाई नगदी रसीद साथ नविकरण भएको इजाजत पत्र, प्यान (PAN) दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाण पत्रका प्रमाणित प्रतिलिपी संलग्न गरी लिखित निवेदन दिई यो सूचना पत्रिकामा प्रथम पटक प्रकासित भएको मितिले ठेक्का न १६/०७४/०७५, को ३० औं (तिसौं) तथा अन्य १५ (पन्ध्रौं) दिनको कार्यालय समयसम्म राजश्व शाखाबाट बोलपत्र तथा दरभाउपत्र फारम खरिद गर्न सकिनेछ।

२. यस कार्यालयबाट खरिद गरेको बोलपत्र तथा दरभाउपत्र फाराम नियम अनुसार भरी सिलबन्दी गरी खामको बाहिर कामको विवरण, ठे.नं., बोलपत्रदाता तथा दरभाउपत्रदाताको नाम र ठेगाना समेत खोली कार्यालयलाई सम्बोधन गरी ३१औं (एकतिसौ) १६ ( सोह्रौं) दिन दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ। दर्ता भएका बोलपत्र तथा दरभाउपत्र सोही दिनको १:०० बजे बोलपत्रदाता तथा दरभाउपत्र दाता स्वयं वा निजको प्रतिनिधी र कार्यालय प्रतिनिधीहरूको रोहवरमा खोलिनेछ। बोलपत्रदाता तथा दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएता पनि बोलपत्र तथा दरभाउपत्र खोल्ने कार्य गर्न बाधा पर्ने छैन।

३. तपसिलमा उल्लेखित धरौटी वापतको रकम यस कार्यालयको नाममा रहेको लुम्बिनी शाखामा स्थित कृषि विकास बैंकको धरौटी खाता नं. ०४१४९०११५३७४७०४१ ग-३ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल सरकारबाट कम्तिमा 'ख' वर्गको मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको कम्तिमा (७५ दिन) म्याद भएको बिडबण्ड सिलबन्दी बोलपत्र तथा दरभाउपत्र साथ संलग्न हुनु पर्नेछ।

४. बोलपत्र तथा दरभाउपत्र शर्त रहित, प्रत्येक आईटममा केरमेट नभएको, बोलपत्र तथा दरभाउपत्र लगायत कार्यालयबाट उपलब्ध गराईएको डकुमेन्टमा कुनै थप घट वा द्रष्टब्य नलेखिएको हुनु पर्नेछ। दररेट सच्याउनुपर्ने भएमा सच्याइएको ठाउँमा दस्तखत भएको हुनु पर्नेछ। समय भित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाका शर्त विपरित भएको बोलपत्र तथा दरभाउपत्र माथि कुनै कारवाही हुने छैन।

५. बोलपत्र तथा दरभाउपत्रको मान्य अवधि (Bid Validity period) ९० तथा ४५ दिनको हुनेछ।

६. नेपाल सरकारलाई तिर्न बुझाउनुपर्ने सबै प्रकारका करहरू र स्थानीय स्तरमा तिर्नु पर्ने सबै प्रकारका करहरू (भ्याट बाहेक) दर रेटमा समावेश भएको मानीने छ।

७. बोलपत्र तथा दरभाउपत्र दाताले निर्माण स्थल र कामको सम्बन्धमा राम्ररी बुझी बोलपत्र तथा दरभाउपत्र भरेको मानिने छ।

८. बोलपत्र तथा दरभाउपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन खरिद र सोको भोलिपल्ट दर्ता गर्न सकिने छ।

९. बोलपत्र तथा दरभाउपत्रको डकुमेन्ट, स्पेसीफिकेशन, परिमाण सूचना आदिमा (भाषागत समेत) त्रुटी भएमा वा विषय प्रशंगले अर्को अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन बाधा पर्ने छैन।

१०. प्राप्त सिलबन्दी बोलपत्र तथा दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रूपमा मात्र स्वीकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहने छ।

११. बोलपत्र तथा दरभाउपत्रमा नियमानुसार लाग्ने भ्याट बाहेकका दर रेट अंक र अक्षरमा उल्लेख गर्नुपर्ने छ र अंक अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ।

१२. यसमा उल्लेख नभएको ब्यहोराको हकमा सार्वजनिक खरीद ऐन २०६३ तथा आर्थिक प्रशासन नियमावली २०६४ र प्रचलित ऐन नियमानुसार हुनेछ।

तपसिल

| सि.नं | ठेक्का नं | कार्यको बिबण र स्थान | ल.ई.रकम (भ्याट तथा कन्टिजेन्सि बाहेक) | २.५ प्रतिसत धरौटी रकम | टेण्डर दस्तुर |
|---|---|---|---|---|---|
| १ | १४/०७४/०७५ (गै.गा.पा.) दरभाउ पत्र | विचौवापुर नदी तटबन्ध | १०,६१,६४२/४२ | २७,०००.०० | १,००० |
| २ | १५/०७४/०७५ (गै.गा.पा.) दरभाउ पत्र | खैरेनी कुड्डा नाका र स्कुल अस्ट्रिज फर्म विच दानव नदी तटबन्ध। | १७,६७,०६४/२४ | ४४,५००.०० | १,००० |
| ३ | १६/०७४/०७५ (गै.गा.पा.) वोलपत्र | सेमरहवा, कदमहवा, सुर्यपुरा दानव नदी तटबन्ध। | २६,४६,३२९/७२ | ६६,५००.०० | १,००० |

विस्तृत जानकारिको लागी गैडहवा गाउँपालिकाको योजना शाखामा सम्पर्क राख्न सकिने छ।

**प्रमुख प्रशासकिय अधिकृत**